आज मिति २०८१ फागुन ११ गते दिउसो ११:०० बजे ढोरपाटन नगरपालिकाका का.वा. नगर प्रमुख श्री धन बहादुर कायत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमको पदाधिकारीको उपस्थितिमा बसी तपसिल बमोजिमका एजेण्डा उपर छलफल गरी निम्न लिखित निर्णय गरियो।

ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुर्तिबाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

**उपस्थितिहरु :-**

| हस्ताक्षर | नामथर, पद | जिम्मेवारीको पद |
|---|---|---|
| | श्री धन बहादुर कायत (का.वा.नगर प्रमुख) | अध्यक्ष |
| | श्री बान बहादुर छन्त्याल (वडा नं. १ अध्यक्ष) | सदस्य |
| | श्री भेक बहादुर खत्री (वडा नं. २ अध्यक्ष) | सदस्य |
| | श्री खिम बहादुर सुनार (वडा नं. ३ अध्यक्ष) | सदस्य |
| | श्री तिलक पुन (वडा नं. ४ अध्यक्ष) | सदस्य |
| | श्री दल बहादुर वि.क. (वडा नं. ५ का.वा.अध्यक्ष) | सदस्य |
| | श्री उमेश कुमार बुढा मगर (वडा नं. ६ अध्यक्ष) | सदस्य |
| | श्री राम बहादुर कायत (वडा नं.७ का.वा. अध्यक्ष) | सदस्य |
| | श्री भन्द्रमणी सुनार (वडा नं. ८ अध्यक्ष) | सदस्य |
| | श्री नरमति पुन (वडा नं. ९ का.वा. अध्यक्ष) | सदस्य |
| | श्री विमला महत | सदस्य |
| | श्री निम कुमारी भण्डारी | सदस्य |
| | श्री तुलसरी वि.क. | सदस्य |
| | श्री खगिसरा कायत | सदस्य |
| | श्री इन्द्र कुमारी सिर्पाली | सदस्य |
| | श्री नविन शेरचन | सदस्य |
| | श्री दिलिप कुमार थापा | सदस्य |
| | श्री कुल बहादुर छन्त्याल | सदस्य |
| | श्री चिरन्जिवि घिमिरे (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |
| | श्री प्रकाश गैरे (प्रशासकीय अधिकृत) | आमन्त्रित |

**एजेण्डाहरु:**

१) योजना सम्झौता र कार्यसम्पन्न गर्ने सम्बन्धमा।

२) अस्तु मस्त जिडबडा पर्यटन पदमार्ग ढोरपाटन ५ को ठेक्का व्यवस्थापन सम्बन्धमा।

३) संघीय समपुरक र विशेष अनुदानको योजना पेश सम्बन्धमा।

४) विविध।

CamScanner

नगरकार्यपालिका बैठकको मिति २०८१/११/११ गतेको निर्णयहरु

| क्र.स. | एजेण्डा | निर्णयहरु | भिन्न मत |
|---|---|---|---|
| १ | ठेक्का रद्ध गर्ने सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम "भुजि देखि निसेलढोर सम्म ग्राबेल (ठेक्का नं. DM/NCB/Works/03-2081/082)" को मिति २०८१/०९/२४ गते दोस्रो पटक प्रकाशन गरिएको ठेक्का सूचना बमोजिम मिति २०८१/१०/१० गते खोलेको मुचुल्का बमोजिम मुल्याङ्कन समितिले पेश गरेको रिपोर्ट बमोजिम दुई (२) वटा फर्म/कम्पनी पेश भएकोमा MAUSAMI CONSTRUCTION AND ASSOCIATES, dhorpatan 6 baglung र M/D.R.H Construction pvt.ltd मध्ये नगरपालिकाको लागत अनुमान रु.१७,०३,७१६.८०।–(भ्याट बाहेक) रहेकोमा MAUSAMI CONSTRUCTION AND ASSOCIATES, dhorpatan 6 baglung ले रु.१६,७९,२७४.०१।– (भ्याट बाहेक) र M/D.R.H Construction pvt.ltd रु.१६,८२,४०२.१४।– (भ्याट बाहेक) रकम बोल कबल गरेकोमा MAUSAMI CONSTRUCTION AND ASSOCIATES, dhorpatan 6 baglung ले पुरानो ठेक्काको कागजात खरिद रसिद पुरानो राखि पेश गरेको र व्यवसाय दर्ता प्रमाणपत्र समेत समावेश नगरेको र M/D.R.H Construction pvt.ltd ले व्यवसाय दर्ता प्रमाणपत्र नविकरण नगरि पेश गरेकोले पुर्णताको परिक्षणमा उत्तिर्ण नभएकोले सार्वजनिक खरिद ऐन, २०६४ नियमावली, २०६४ बमोजिम कुनै पनि बोलपत्र प्रभावग्राही नदेखिएकोले सो ठेक्काको पुन सूचना प्रकाशन गर्ने । | छैन |
| २ | आयोजना कार्यान्वयन र डिपिआर स्वीकृत गर्ने सम्बन्धमा । | क) ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम "अस्तु मस्ति जियबडा पर्यटन पदमार्ग ढोरपाटन ५" मा संघीय सशर्त अनुदान मार्फत रु. ३ करोड ६० लाख अनुदान प्राप्त भएकोमा नगरपालिकाको आवश्यकताको आधारमा रु २ करोड बराबरको ल.ई. (कन्टेन्जेन्सि ९% राखे) तयार भएकोले सोहि बमोजिमको ल.ई. को आधारमा ठेक्का व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने । | छैन |

नगर कार्यपालिका बैठकको मिति २०८१/११/११ गतेको निर्णयहरु

| | | | |
|---|---|---|---|
| | | ख) ढोरपाटन नगरपालिकाको “अस्तु मस्ति जियबडा पर्यटन पदमार्ग ढोरपाटन ५” को मिति २०८१/०९/२४ मा यस कार्यालय र Red Hawk Engineering Solution Pvt. Ltd., Kathmandu संग ***NRs.880000/- (including VAT)*** मा सम्झौता भई रिपोर्ट पेश गरेकोले यहि वर्ष ठेक्का व्यवस्थापन गर्नुपर्ने भएकोले स्वीकृत गरि सोहि शीर्षकबाट परामर्श सेवाको खर्च भुक्तानी दिने । | |
| ३ | ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को योजना सम्झौता र कार्यसम्पन्न गर्ने सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको यहि मिति २०८१ फागुन मसान्त सम्म उपभोक्ता समिति गठन गरि सम्झौता गरि सक्नु पर्ने र २०८२ बैशाख मसान्त सम्म सम्झौता भएका योजनाहरुको कार्य सम्पन्न गरि सक्नु पर्नेछ अन्यथा सो योजना कार्यान्वयनमा कुनै कामकारबाहि नहुने जानकारी सहित सबै वडामा जानकारी गराउने र सार्वजनिक सूचना प्रकाशन गर्ने । | छैन |
| ४ | आ.व.२०८२/०८३ को लागि संघीय समपुरक र विशेष अनुदानको योजना पेश गर्ने सम्बन्धमा । | संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आ.व. २०८२/८३ मा संचालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी मिति २०८१/१०/१६ गतेको सार्वजनिक सूचना बमोजिम यस नगरपालिका बाट तपसिल बमोजिमका आयोजना राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाण्डौमा पेश गर्ने:-<br>तपसिल:-<br>**<u>क) समपूरक अनुदान अन्तर्गत:-</u>**<br>१. फोहोरमैला प्रशोधन र व्यवस्थापन वडा नं.२,३ र ५ ढो.न.पा.- ल.ई. रु.७,००,००,०००।—(समयवधी ३ वर्ष)<br>**<u>ख) विशेष अनुदान अन्तर्गत:-</u>**<br>१. बहुक्षेत्रिय पोषण कार्यक्रम:- रु.५०,००,०००।— (क्रमागत)<br>२. नविपुल-छेन्तुङ उत्तरगंगाखोला तटबन्धन (वडा ६-९) ल.ई. रु.२,००,००,०००।- (समयवधी २ वर्ष)<br>३. बुर्तिबाङ खानेपानी आयोजना, ढो.न.पा.बागलुङ;- ल.ई. रु.३,००,००,०००।- (समयवधी ३ वर्ष) | छैन |
| ५ | छोरेगाउँ, सोरबाङ थुमखर्क सडक निर्माण (वडा नं. ४)- | ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत योजना छोरेगाउँ, सोरबाङ थुमखर्क सडक निर्माण (वडा | छैन |

ढोरपाटन नगरपालिका नगरकार्यपालिकाको कार्यालय बागलुङ गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | योजनाको पहिलो पेश्की उपलब्ध गराउने सम्बन्धमा । | नं. ४)- को मिति २०८१/१०/२७ गते मा उपभोक्ता समिति संग सम्झौता भई योजना कार्यान्वयनको चरणमा रहेकोले प्रथम पेश्की वापतको रकम रु. १३,००,०००।— वडा नं.४ का अध्यक्ष श्री तिलक पुन ज्यू को सिफारिसमा सो उपभोक्ता समितिलाई उपलब्ध गराउने । | |
| ६ | आ.व.२०८२/०८३ को बजेट सिलिङ तयार गर्ने सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व.२०८२/०८३ को बजेट सिलिङ तयार गर्नेको लागि विषयगत समिति लाई जिम्मेवारी दिने । | छैन |
| ७ | स्थानीय कृषि उत्पादनको न्यूनतम समर्थन मुल्य निर्धारण गर्ने सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको स्थानीय कृषि उत्पादनको न्यूनतम समर्थन मुल्य निर्धारण गर्नको लागि कृषि शाखालाई जिम्मेवारी दिने र बाह्य कृषि उत्पादनको तपसिल बमोजिमको कर निर्धारण गर्नेः-<br>तपसिलः-<br>क) प्रति बाईक/ठेला राजश्व रु.१५,००।—<br>ख) प्रति पिकअप राजश्व रु.३,०००।—<br>ग) प्रति भ्यान राजश्व रु.५,०००।—<br>घ) प्रति ट्रक राजश्व रु.१३,०००।— | छैन |
| ८ | सहयोग रकम सम्बन्धमा । | तपसिल बमोजिमका संघ सस्थाले कार्यक्रम संचालनको लागि रकम आर्थिक सहायता बाट भुक्तानी दिनेः-<br>तपसिलः-<br>क) नेपाल रेडक्रस सोसाईटि, बुर्तिबाङ वागलुङः- रु.३०,०००।—<br>ख) नेपाल मगर संघ क्षेत्रिय समिति क्षेत्र नं.२ (ख) द्वारा आयोजित ४३ औ मगर दिवस लाईः- रु.४०,०००।— | छैन |
| ९ | दैनिक ज्यालादरी मा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको घर जग्गा नक्सा पासको लागि यस कार्यालयमा अ.स.ई. नभएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम २ जना अ.स.ई. असार समान्त सम्म दैनिक ज्यालादरीमा लिने । | छैन |
| १० | नयाँ प्रशासकीय भवनमा सरसफाई गर्ने लाई प्रोत्साहन गर्ने सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको नयाँ प्रशासकीय भवनमा सरसफाई गर्ने लाई प्रोत्साहन स्वरुप रु.१०,०००।— थप गरि सबै कार्यालयलाई सफा राख्ने काममा लगाउने । | छैन |

CamScanner